# खप्तडछान्ना गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
# छान्ना,बझाङ्ग
# २०८१

# आ.व २०८१।०८२ को नीति,कार्यक्रम तथा बजेट

## खप्तडछान्ना गाउँपालिकाको आ.व.२०८१।८२ को नीति, कार्यक्रम तथा बजेट वक्तव्य

गाउँसभाका अध्यक्ष महोदय,
गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु,
गाउँसभाका सचिवज्यू,
उपस्थित कर्मचारीज्यूहरु,पत्रकारज्यू हरु लगायत
सम्पूर्ण उपस्थित महानुभावहरु ।

नेपालको संविधान जारी भएपछि दोस्रो पटक स्थानीय तह निर्वाचन सम्पन्न भए पछिको तेस्रो बजेट गाँउसभामा आज सम्वोधन गर्न पाउँदा मलाई गर्वको अनुभुति भएको छ ।
नेपालको सार्वभौमिकता,स्वाधिनता,भौगोलिक अखण्डता,राष्ट्रिय हित,स्वाभिमान,लोकतन्त्र र जनजिवनका लागि भएका विभिन्न आन्दोलनहरु तथा जनयुद्धमा आफ्नो अमूल्य जिवन उत्सर्ग गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान ब्यक्त गर्दै नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुऱ्याउनु भएको महान योगदानको पुनःस्मरण गर्न चाहन्छु ।
नेपालको संवधिान जारी भएपश्चात देश संघीय प्रणली अनुरुप राज्य पुर्नसंरचना भई बनेका प्रदेश तथा स्थानीयहरुको संस्थागत गर्दै संविधानको कार्यान्वयन गर्नु आजको प्रमुख दायीत्य रहेको छ । यस प्रणली अन्तर्गत गाँउपालिका भित्रको विकास निमार्ण तथा सामाजिक उत्थानका कार्यहरु लाई उच्च महत्व दिने कार्य गर्दै आएको छ ।

अब म खप्तडछान्ना  गाउँपालिकाले आ.व. २०८१।८२ को योजना तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरू निम्न बमोजिम प्रस्तुत गर्दछु :

- नेपालको संविधानका प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू,
- संघीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरू,
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरू,
- प्रदेश सरकारले लिएका आर्थिक एवं वित्तीय नीतिहरू,
- स्थानीय आर्थिक कार्य प्रणाली एवं एकल तथा साझा अधिकार सूची,
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरू,
- नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका विभिन्न प्रतिवद्धताहरू,
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य स्थानीय तहमा सञ्चालन सम्बन्धी ऐन, नियमावलीका प्रावधानहरू,

- विकासका समसामयिक मुद्दाहरू :सहस्राब्दी विकास लक्ष्य, दिगो विकाससम्बन्धी नीति, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तीकरण तथा समावेशी विकास,

बालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, खुला दिसामुक्त तथा सरसफाइ, पूर्ण उर्जा संकट लगायतका अन्य सम्बन्धित विषयहरू,

- निर्वाचनको क्रममा जारी गरिएका निर्वाचन घोषणापत्रहरू,
- विगत आर्थिक वर्षमा गाउँपालिकाले तयार पारेका नीति, कार्यक्रम तथा योजनाहरू,
- जनतासँग गाउँपालिकाका अध्यक्ष कार्यक्रममा बस्ती स्तरबाट आएका सुझावहरू,
- विभिन्न राजनीतिक दलहरू, संघ संस्थाका प्रतिनिधिहरू, गाउँवासी सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीका सल्लाह सुझावहरू
- सामाजिक संजाल बाट आएका सुझावहरु,

यस गाउँपालिकाबाट संचालित सम्पूर्ण विकासका कार्यक्रमहरु गाउँ कार्यपालिका, विषयगत शाखा, वडासँग समन्वय र सहभागितामा भई राखेको कुरा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरुलाई अवगत नै छ । यस गाउँपालिकाका लागि नेपाल सरकारबाट विनियोजन भएको र प्रदेश सरकारबाट विनियोजन भएको बजेटमा आन्तरिक राजस्व संकलनबाट प्राप्त रकमलाई जोडी आएको कुल बजेटको सीमाभित्र रही नेपाल सरकार र प्रदेश सरकारको मार्गदर्शन र गाउँपालिकाको भौगोलिक, जनसंख्याको आधारमा रही चालु आ.व.मा संचालन भएका र आगामी आ.व.को लागि प्रस्ताव गरिएका कार्यक्रमहरु सहभागितात्मक योजना तर्जुमाका विभिन्न चरणहरु पार गर्दै स्वीकृतिका लागि गाउँसभामा पेश गरिने यो प्रजातान्त्रिक विधि र संस्कारलाई आत्मसात गर्दै म चालु आ.व.को यथार्थ आय व्यय र आगामी आ.व.को प्रस्तावित कार्यक्रमहरु यस गरिमामय गाउँसभामा पेश गर्न अनुमति चाहन्छु ।

**अध्यक्ष महोदय,**

- सिमित वित्तीय स्रोतबाट असिमित जनआकांक्षाहरुलाई सम्बोधन गर्न कठिन हुने अवस्थालाई मध्यनजर गर्दै उपलब्ध स्रोत र साधनलाई जनअपेक्षा अनुरुप व्यवस्थापन गर्ने यथेष्ट प्रयास गरेको छ ।
- गाउँपालिकाले लिएको आर्थिक समृद्धिको अभियानलाई साकार पार्न नेपाल सरकार र प्रदेश सरकारका मार्गदर्शन र निर्देशनहरुलाई हृदयङ्गम गरी गाउँ कार्यपालिकाका सम्पूर्ण सदस्यहरु लगायत विकास तथा नीति निर्माणमा सम्वद्ध सबै सरोकारवालाहरुको व्यापक सहभागीतामा **"विकासमा प्रतिवद्ध, आर्थिक रुपमा समृद्ध"** भन्ने मूल नारा सहितको गाउँपालिकाको समग्र आर्थिक विकासका लागि दीर्घकालिन सोंच, लक्ष्य, रणनीतिहरु, अवलम्वन गरी प्राथमिकीकरणका आधारमा तय गरिएका आयोजना तथा कार्यक्रमहरुलाई यसै गरिमामय सभाबाट सहर्ष पारित गरी आजकै मितिबाट कार्यान्वयन हुने कुरामा म विश्वस्त छ ।

- गाउँपालिकाबाट कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकास सूचकांक, पूर्वाधारको आवश्यकता हेरी सम्बन्धित क्षेत्रमा बजेट विनियोजन गरिएको छ ।
- स्थानीय सरकार सञ्चालन गर्न आवश्यक पर्ने ऐन, नियम, कार्यविधि तथा निर्देशिका तयार गर्न पर्याप्त बजेटको व्यवस्था गरिएको छ ।

**अध्यक्ष महोदय,**

**अब म चालु आ.व.मा यस गाँउपालिका अन्तर्गत कायान्वयन भएका विकास निर्माणका योजना तथा कार्याक्रमहरुको सम्पुर्ण विवेचना गर्न चाहन्छु ।**

१. गाँउपालिकाको गौरवका योजनाहरु कार्यान्वय अन्तिम चरणमा रहेका छन ।

२. उपभोक्ता समितिबाट सचालन हुने काम लगभव सम्पन्न भएका छन ।

३. वडा कार्यालय भवन र १० सैया अस्पताल भवन निमार्ण कार्य संचालनमा रहेका छन ।

४. संघिय सरकार संगको सम्पुरक साझेदारीमा संचालित योजनाहरु टेन्डरद्धारा निमार्णधिन अवस्थामा रहेका छन ।

५. प्रर्यटन प्रवद्धन अन्तर्गत खप्तड सूचना केन्द्र स्थापना को लागि भवन निमार्ण गरिएको छ ।

६. खप्तडछान्ना गाँउपालिकाको वस्तुस्थिति विवरण संकलन कार्य संचालनमा रहेको छ ।

७. गाउँपालिका अन्तर्गत विद्यालयहरुको दरबन्दी मिलान कार्य अगाडी बढाइएको छ ।

८. गाउँपालिकाका सवै बस्तीहरुमा राष्टिय विद्युत सेवा संचालनका लागि निरन्तरता गरिएको छ ।

९. शिक्षामा थप गुणस्तर सुधारका लागि स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याइएको छ ।

१०. विभिन्न गैर सरकारी संस्थाहरु सँगको साझेदारीमा शिक्षा, स्वास्थ्य,कृषि,भेटनरी लगायतका शाखाहरुको कार्यक्रम संचालन गरिएका छन् ।

**मुलतः चालु आर्थिक वर्षको योजना कार्यान्वयमा देहायका बमोजिमका ब्यवधानहरु रहनगए**

- समयमा निर्देशन तथा बजेट विनियोजन नहुनु ।
- बजेट निकासा नहुनु ।
- खोलाहरुमा पककी पुल को काम सम्पन्न नहुनु ।

**अध्यक्ष महोदय,**

**अब म बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना विनियोजनबाट प्रस्तुत गर्ने अनुमति चाहन्छु :**

- आर्थिक वर्ष २०८१।०८२ का लागि नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान तर्फ रु.९ करोड ८५ लाख, राजस्व बाँडफाँड तर्फ रु.८ करोड २८ लाख र संघीय सर्शत अनुदान तर्फ रु.२२ करोड ४२ लाख ९८ हजार,संघीय विशेष अनुदान तर्फ ६० लाख प्रदेश समानिकरण ७९ लाख ४१ हजार,प्रदेश राजश्व बाडफाड १२ लाख २२ हजार, प्रदेश सम्पुरक ७१ लाख २५ हजार, प्रदेश विशेष अनुदान ३५ लाख, प्रदेश शर्शत अनुदान ९२ लाख ५० हजार गरी जम्मा रु. ४४ करोड १६ लाख ३६ हजार विनियोजन गरेको छ ।

**अध्यक्ष महोदय,**

**अब म नीति तथा कार्यक्रमका लक्ष्य तथा उद्देश्यहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु :**

**आगामी आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रमका लक्ष्यहरु निम्नानुसार रहेका छन् :**

१. गाउँपालिकाको पूर्वाधार विकासमा जोड दिने ।
२. आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने ।
३. कृषिजन्य वस्तुको उत्पादनमा वृद्धि गरी आयस्तर बढाउने ।
४. महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ दिलाउने ।
५. लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने ।
६. दिगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुर्‍याउने ।
७. शिक्षा, स्वास्थ्य, पोषण जस्ता सामाजिक पक्षको स्तर वृद्धि गरी स्वस्थ र समृद्धिउन्मुख बनाउने ।
८. सुशासन र सार्वजनिक सेवा प्रवाहमा मितव्ययी, पारदर्शी एवं प्रभावकारी बनाई जनताले छिटोछरितो र विश्वासिलो महसुस गर्ने गरी सेवा सञ्चालन गरिने छ ।

**आगामी आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रमको प्रमुख उद्देश्यहरु निम्नानुसार रहेका छन् :-**

१. व्यावसायिक कृषि तथा व्यावसायिक पशुपालनको माध्यमबाट उत्पादन वृद्धि गरी जनताको आयस्तरमा वृद्धि गर्नु ।
२. गाउँपालिका भित्र स्थानीय सडक तथा पुल, सिँचाई, साना तथा लघु जलविद्युत जस्ता आधारभूत पूर्वाधारहरुको विकास गर्नु ।
३. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई एवं पोषण लगायतको विकास गरी मानव विकासको स्तरमा सुधार ल्याउनु ।
४. धार्मिक एवं ऐतिहासिक पर्यटन, पर्या-पर्यटन, साहसिक पर्यटनको सम्भावनाको पहिचान गरी आन्तरिक तथा बाह्य पर्यटकहरु भित्रयाउनु ।
५. समाजमा परम्परागत रुपमा चलिआएका धर्म संस्कृति अनुसारका जात्रा तथा पर्व, रहनसहन र मौलिकताको संरक्षण तथा प्रवर्द्धन गर्नु ।
६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सिद्धान्त अनुरुप प्रत्यक्ष लाभ पुर्‍याउनु ।
७. जनतालाई सेवा प्रवाह र सुशासनको प्रत्याभूति दिलाउनु ।
८. जलवायु परिवर्तन अनुकूलन कार्यमार्फत विकास निर्माण गर्नु ।

**अध्यक्ष महोदय,**

**अब म आर्थिक विकास कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु :**

**कृषि तथा पशु विकास तर्फ**

१. यस गाउँपालिकालाई कृषि तथा पशुतर्फ सर्शत अनुदान शीर्षकमा ४० लाख ९५ हजार बजेट सीमा प्राप्त भएको छ । यस गाउँपालिकाबाट कृषि तथा पशु विकासतर्फ रु. २६ लाख ५० हजार विनियोजन गरिएको छ ।
२. **"सम्पुर्ण जग्गाको बर्गिकरण : कृषियोग्य जग्गाको संरक्षण"** भन्ने नारालाई सार्थक पार्न कृषकहरुलाई कृषि उपकरण अनुदान, साना कृषि सिँचाई कुलो निर्माणका लागि रकम विनियोजन गरिनेछ ।

३. बाँझो रहेको कृषियोग्य भूमिमा माटो सुहाउँदो फलफूल , तरकारी पकेट क्षेत्र निर्धारण गरि कृषकलाई सम्मान तथा प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरी बाँझो जग्गा उपलब्धीमूलक बनाउने नीति अवलम्वन गरिने छ ।

४. यस गाउँपालिकामा पहिचान भएका गरिब घरपरिवार एवं लक्षित समूहका लागि व्यवसायिक कृषि तथा पशुपालनतर्फ आकर्षित गर्न नीतिगत व्यवस्था गरिने छ ।

५. आँप, लिची, सुन्तला, अमिलो, कागती, स्याउ, केरा, ओखर जस्ता सबै हावापानी अनुकूलका व्यवसायीक फलफूल खेतीका साथै व्यवसायीक रुपमा अर्गानिक तरकारी खेती गर्ने र च्याउखेती गर्ने कृषकहरुलाई बोटविरुवा, बीउविजन ल्याउनका लागि अनुदान दिने व्यवस्था गरिने छ ।

६. गाउँमा उत्पादित आलु र प्याजको बजारीकरण तथा भण्डारणका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

७. प्रत्येक वडाका नमुना कृषकहरु लाई छनोट गरि पुरुस्कृत गर्ने ब्यवस्था गरिने छ ।

८. बेरोजगार युवाहरुको तथ्याङ्क सकलन गरि कृषि विकास तर्फ माछा पालन,बुगुर पालन,कुखुरा पालन,बाख्रा पालन,भैसी पालन, गाईपालन जस्ता कार्य सचालनका लागि आवस्यक बजेट विनियोजन गरिएको छ ।

९. Heifer internation Nepal -हेफर इन्टरनेस्नल नेपाल) संगको साझेदारीमा कृर्षि तथा पशुपन्छी विकास कार्यकम निरन्तरता दिइने छ ।

**उद्योग, पर्यटन तथा सहकारी तर्फ**

१०. यस गाउँपालिकालाई गरिवि निवारणका लागी लघु उद्योम विकास कार्यक्रमका लागी सर्शत अनुदान शीर्षकमा रु. १३ लाख बजेट सीमा प्राप्त भएको छ । यस गाउँपालिकाबाट गरिवि निवारणका लागी लघु उद्योम विकास कार्यक्रमका लागि रु. ५ लाख विनियोजन गरिएको छ ।

११. **"सीप सिकौँ, उद्यमी बनौँ"** गरिब घरपरिवार एवं लक्षित समूहका लागि गरिवी निवारणका लागि लघु उद्योम विकास कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गरिने छ ।

१२. गाउँस्तरमा युवा तथा महिलाहरुलाई आयआर्जनमा लगाई उद्यमशील बनाउन तालिम तथा प्रोत्साहन कार्यक्रमहरु प्राथमिकताका साथ सञ्चालन गरिने छ ।

१३. यस क्षेत्रमा पाइने उच्च मूल्यका जडिबुटीहरुको वैज्ञानिक व्यवस्थापन गरी सार्वजनिक निजी साझेदारी मोडेलमा जडिबुटी प्रशोधन केन्द्र स्थापना गर्न आवश्यक प्रवन्ध मिलाइने छ ।

१४. यस गाउँपालिकामा खनिज पदार्थको प्रचुर सम्भावना रहेकोले यसको खोज तथा अन्वेषण र उत्खननका लागि नेपाल सरकार र प्रदेश सरकारसँग आवश्यक पहल गरिने छ ।

१५. गाउँपालिकालाई पर्यटकीय गन्तव्यस्थल बनाउन र पर्यटकीय पूर्वाधार विकास गर्न पर्यटन गुरुयोजना निर्माण गर्न रकम विनियोजन गरिने छ ।

१६. आन्तरिक पर्यटन प्रवर्द्धन कार्यक्रमलाई उच्च प्राथमिकता दिई पर्यटकीय गन्तव्य स्थल क्षेत्रका गाउँहरुमा होमस्टे संचालनमा थप जोड दिई ब्यवस्थित रुपमा संचालन गर्ने ब्यवस्था मिलाइनेछ । यहाँको मालिका गुफा र गुरेल सम्म जानका लागी पदमार्ग निर्माण गरिने छ ।

१७. आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षित गर्न गाउँपालिका भित्रका पर्यटकीय स्थलको व्यापक प्रचार प्रसार तथा प्रवर्द्धनात्मक कार्यक्रम गर्नुका साथै महत्वपूर्ण ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा प्राकृतिक क्षेत्रलाई समावेश गरी धार्मिक पर्यटनको प्रवर्द्धन, पूर्वाधार विकास गर्ने नीति अवलम्वन गरिने छ ।

१८. परम्परागत रुपमा चलिआएका संस्कृति, जात्रा तथा पर्व, लोक परम्परा, रहनसहन र मौलिकताको संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक रकमको व्यवस्था मिलाइने छ ।

१९. देशमा रहेका पर्यटकीय गन्तव्य स्थलहरुको पहिचान, निजी रुपमा सञ्चालित पर्यटकीय क्रियाकलाप तथा गतिविधि र पर्यटकीय पूर्वाधारहरुको व्यवस्थापन तथा सञ्चालनको सूचना प्रसार गरी आन्तरिक पर्यटन प्रवर्द्धन गर्न गाउँपालिकाका पदाधिकारी र कर्मचारीहरुलाई आन्तरिक पर्यटकीय अवलोकन भ्रमणको आवश्यक व्यवस्था मिलाइने छ ।

२०. खप्तड लगायत यहाँको स्थानीय कला संस्कृतीका साथै धार्मिक तथा ऐतिहासिक सम्पदाहरुको प्रचार प्रचार गर्न खप्तड प्रबेशद्धारमा **पर्यटकिय सुचना केन्द्र**लाई निरन्तरता दिई  बिभिन्न बृत चित्र, प्रचार सामाग्री , पोष्टर , पोष्टकार्डहरु , टि सर्ट , झोलामा समेत यहाँका पर्यटकिय क्षेत्रको फोटो राखिने छ । साथै ति बस्तुहरुलाई सामान्य शुल्क लिएर चिनो बितरण गरिने ब्यवस्था गरिने छ । त्यसले गाउँपालिको आम्दानीमा समेत टेवा पुग्ने छ ।

२१. सामुदायिक उत्पादन प्रणालीमार्फत आधुनिक कृषि तथा पशुपालन व्यवसाय गर्न अनुदानमा आधारित महिला सहकारी तथा कृषि सहकारी सञ्चालन गर्ने अवधारणा ल्याइनेछ ।

२२. गरिवि निवारणका लागी लघु उद्योम विकास कार्यक्रम (मेडपा) लाई निरन्तरता दिइएको छ ।

२३. बाढी पिडतलाई सिपमुलक तालिम , प्रबिधि हस्तान्तरण गरि गर्दै विभिन्न कार्यक्रम मार्फत जिबिकोपार्जन सुधार गरिने छ ।

२४. साना तथा मझौला उद्योग संचालनमा विषेश जोड दिइने छ ।

**अध्यक्ष महोदय,**

**अब म सामाजिक विकास तर्फको कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**शिक्षा तर्फ**

२५. **“समाबेशी र सिपमूलक शिक्षा : स्वदेशमै युवा गा.पा को इच्छा”** भन्ने मूल नारालाई आत्मसात गर्दै यस गाउँपालिकाभित्र शैक्षिक गतिविधिहरु संचालन हुदै आईरहेका छन् । यस गाउँपालिकालाई शिक्षा तर्फ सर्शत अनुदान शीर्षकमा रु. **१६ करोड ५३ लाख ६६ हजार** बजेट सीमा प्राप्त भएको छ । यस गाउँपालिकाबाट शिक्षा तर्फ रु. **१ करोड ३३ लाख ९४ हजार विनियोजन** गरिएको छ ।

२६. नेपाल सरकारबाट सञ्चालित **“बालबालिका लाई विद्यालय ल्याऔ र पढाइमा टिकाउ”** भन्ने अभियानलाई आत्मसात गर्दै यस गाउपालिका भित्र सबै बालबालिकालाई शिक्षामा पहुँच सुनिश्चित गर्न सार्वजनिक शिक्षालाई गुणस्तरीय,उपयोगी र रोजगार मुलक बनाउन राजनीतिक नेर्तत्व अभिभावक निति निमार्ता शिक्षक युवा विद्यार्थीलाई संलग्न गरी सार्वजनिक शिक्षा सुधार अभियान संचालन गरिने छ ।

२७. गरिव तथा जेहेन्दार आर्थिक अवस्था कमजोर भएका आफ्नै लगानीमा एम.वि.वि.एस डक्टर तथा जियोलोजि पढ्ने विद्यार्थीहरुले पढीसकेपछी कम्तीमा दुई वर्ष यस गाउँपालिकामा अनिर्वाय सेवा गर्ने शर्तमा पढाईका लागि यस गाउँपालिकाबाट जम्मा खर्चको १० प्रतिशत रकम खर्च ब्यहोर्ने ब्यवस्था मिलाएको छ ।

२८. शिक्षाको गुणस्तर सुधार गर्न गाउँपालिका भित्रका कम्तीमा तिन जना उत्कृष्ट काम गर्ने शिक्षकहरु लाई पुरस्कारको ब्यवस्था गरिने छ । पुरस्कार का लागि निश्चित सुचक बनाई छनौटको प्रवन्ध मिलाइने छ ।

२९. बेरोजगार यूवाहरु लाई लक्षित गरि लोकसेवा आयोग तथा शिक्षक सेवा आयोगका कक्षाहरु संचालन गर्न आबश्यक बजेट विनियोजन गरेको छ ।

३०. "शिक्षकको हातमा पाठ्यक्रम र विद्यार्थीको हातमा पाठ्यपुस्तक" को प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पहल गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।

३१. विद्यालयहरुको पूर्वाधार निर्माण तथा सुधारमा जोड दिई विद्यालयहरुमा गुणस्तर शिक्षाका लागि सीपमूलक तथा प्रविधियुक्त पठनपाठनको व्यवस्था मिलाइने छ ।

३२. स्थानीय तहले शिक्षा क्षेत्रमा लगानी गर्नुपर्ने आर्थिक भारलाई न्यूनिकरण गर्न नेपाल सरकारद्वारा जारी शिक्षा ऐनमा व्यवस्था भए अनुसार यस गाउँपालिका भित्रका विद्यालयहरुको अनुगमन गरी शिक्षक विद्यार्थी अनुपात, भौगोलिक विकटता, भौतिक अवस्था, एक विद्यालय देखि अर्को विद्यालयसम्मको दूरी आदिका आधारमा दरवन्दी मिलान गरी विद्यालय कक्षा घटाउने नीति अवलम्वन गरिने छ ।

३३. आधारभूत तह र मा.वि. तहको विद्यार्थी संख्या र विषयगतको आधारमा शिक्षक दरबन्दीको व्यवस्था गरिने छ ।

३४. मौजादा कोटा बाट सम्पुर्ण विद्यालयमा एक विद्यालय एक बालविकास केन्द्रको ब्यवस्था गरिने छ ।

३५. विद्यालय लेखापाल,बालविकास केन्द्र,विद्यालय सहयोगी, मा कार्यरत कर्मचारीहरु लाई यस गाउँपालिकाबाट आबश्यक थप बजेट लाई निरन्तरता दिइएको छ ।

३६. "प्राविधिक शिक्षा आजको आवश्यकता" भन्ने मूल नारालाई साकार पार्न गाउँपालिकामा संचालन रहेको प्राविधिक शिक्षा लाई निरन्तरता दिईने छ ।

३७. प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षाको विकासका लागि शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शि.अ.सं. अन्तक्रिया, शिक्षक विद्यार्थी अभिभावक अन्तक्रियाका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

३८. विद्यार्थीहरुको मनोवल तथा क्षमता वृद्धिका लागि शारीरिक व्यायाम, विद्यार्थी खेलकुद, अतिरिक्त क्रियाकलाप संचालन, जेहेन्दार विद्यार्थी प्रोत्साहनको व्यवस्थाका लागि थप रकम विनियोजन गरिने छ ।

३९. अपाङ्गता भएका बालबालिकाहरुका लागि शिक्षामा पहुँच पुऱ्याउन प्राविधिक शिक्षालय र हरेक सामुदायिक विद्यालयहरुमा अनिवार्य सीपमूलक प्राविधिक कक्षा सञ्चालन गर्ने नीति लिइने छ ।

४०. कक्षा ५ र ८ को अन्तीम परिक्षा गाउँपालिका स्तरिय परिक्षा संचालनमा निरन्तरता गरिने छ ।

४१. कक्षा १ देखी ३ सम्म स्थानीय पाठ्यक्रम लाई निरन्तरता गरिने छ ।

४२. कक्षा ४ देखी ८ सम्मको स्थानीय पाठ्यक्रम लाई निरन्तरता गरिने छ ।

४३. जिल्ला भित्र संचालन रहेका प्राविधिक शिक्षालयमा प्राविधिक विषय पढ्ने ४ जना विद्यार्थीहरु लाई पढाईमा अनुदान दिने ब्यावस्थालाई निरन्तरता दिइएको छ ।

४४. उच्च शिक्षामा छात्राहरुको पहुँच तथा सहभागिता बढाउन उच्चमाध्यमिक तहको परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने छात्रालाई पुरस्कृत गर्ने नीति लिइने छ ।

४५. आधारभुत विद्यालयमा दिवा खाजा कार्यक्रम लाई निरन्तरता दिइएको छ ।

४६. आधारभुत विद्यालयमा विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम लाई प्राथमिकताका साथ निरन्तरता दिइएको छ ।

४७. दिवा खाजा कार्यक्रम लाई प्रभावकारी संचालन तथा विद्यालयलाई पूर्ण सरसफाइ क्षेत्र बनाउन खानेपानी ब्यवस्थापन, बालमैत्री धारा, भान्साघर, शौचालय मर्मत, खाडल निमार्ण तथा मर्मत सम्भार कार्यका लागि एकिकृत विकास समाज नेपाल संगको साझेदारीमा कार्यक्रम संचालन गरिने छ ।

४८. स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रम लाई प्रभावकारी संचालनका लागि एम.पि.डी.एस. संगको सहकार्यमा विद्यालयमा स्थानीय उत्पादन भएको दाल र तरकारी वितरण लाई निरन्तरता दिइएको छ ।

४९. आधारभुत विद्यालयमा कक्षा १ देखी कक्षा ३ सम्मका बालबालिकाहरुको पठन सिप विकास साथ सिकाई उपलब्धी हासिल गर्न प्रारम्भीक तह पढाई कार्यक्रम संचालनमा जोड दिएको छ ।

५०. यस गाउँपालिकामा शिक्षा क्षेत्रमा ३८ वटै विद्यालय र स्वास्थ्य क्षेत्रमा कार्यक्रम संचालन गरिरहेको समृद्ध खप्तडछान्ना परियोजना लाई निरन्तरता दिइएको छ ।

५१. सम्पुर्ण विद्यालयहरुमा अध्यायन गर्ने विद्यार्थीहरुको निःशुल्क स्वास्थ्य परिक्षण गर्ने ब्यवस्था मिलाइने छ ।

५२. विगत देखी संचालनमा रहेको स्वयम सेवक शिक्षक कार्यक्रम लाई निरन्तरता दिइने छ ।

५३. बालबिकास केन्द्रका बालबालिकारुका लागि बालमैत्री कक्षाकोठा तथा शैक्षिक सामाग्रीको ब्यवस्थामा विषेश जोड दिइने छ ।

५४. विद्यालयहरुमा निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिइने छ ।

५५. विद्यालयहरुमा ई हाजिरी प्रकृया लाई निरन्तरता लिइने छ ।

५६. विद्यालय जाने बालबालिकाहरुलाई उत्साहित गर्न र सबै प्रकारका बालश्रम निरुत्साहित गर्ने बालश्रम निषेधको नीति अवलम्वन गरी अनुगमनको कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।

५७. बालबालिकाको मनोबल र क्षमता विकास गर्न बालक्लवको स्थापना, बाल खेल प्रतियोगिताको आयोजना गरिनेछ ।

५८. युवा शक्ति नै देशको मेरुदण्ड भएकाले यूवाहरुलाई शसक्तिकरणका माध्यामबाट नेतृत्व विकास,सिप बिकासका र क्षमता बिकास तालिमको ब्यवस्थापन गरिने छ ।

५९. लागु औषध तथा कुलतमा फसेका तथा सम्भावित युवाहरुलाई युवा परामर्ष तथा सचेतना अभियानलाई समुदाय र बिद्यालय संग जोडेर गैरसरकारी संस्थाहरु संग साझेदारी गरि संचालन गर्ने नीति लगिने छ ।

६०. खप्तड छान्ना गाउँपालिकामा कुरिती ,कुसंस्कार, भष्ट्रचार न्यनिकरणमा ब्यापक युवा परिचालन गर्ने निती लिएका छौ । वडा स्तरमा वडा क्लब गठन तथा परिचालनलाई प्रथामिकतामा राख्दै नमुना युवा संसदको स्थापना र अभ्यास कार्यक्रम मार्फत युवा सचेतना अभियान निरन्तरता गरिने छ ।

६१. खप्तडछान्ना गाउँपालिका १० वर्ष शिक्षा योजना कार्यान्वयन मा ल्याइने छ ।

**अध्यक्ष महोदय,**

**अब म स्वास्थ्य तर्फको कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**स्वास्थ्य तर्फ**

६२. यस गाउँपालिकालाई स्वास्थ्य तर्फ सर्शत अनुदान शीर्षकमा रु. **३ करोड ३५ लाख ५७ हजार** बजेट सीमा प्राप्त भएको छ ।

६३. यस गाउँपालिकालाई पौवागढी स्वास्थ्य चौकी भवन निर्माणका लागि विषेश अनुदान शीर्षकमा रु. **६० लाख** बजेट सीमा प्राप्त भएको छ ।

६४. यस गाउँपालिकाबाट समेत स्वास्थ्य तर्फ रु. **९६ लाख १३ हजार** विनियोजन गरिएको छ ।

६५. हरेक नेपालीको स्वस्थ भई बाँच्न पाउने हकलाई सुनिश्चित गर्न गाउँपालिकामा रहेका स्वास्थ्य चौकी तथा बर्थिङ्ग सेन्टरहरुको क्रमशः स्तरोन्नति गरिने नीति अवलम्वन गरिनेछ ।

६६. गर्भवती सुत्केरी महिलाहरु का लागि निःशुल्क एम्वुलेन्स सेवा संचालन गर्न आबश्यक बजेट विनियोजन गरेको छ ।

६७. सरकारले निःशुल्क उपलब्ध गराउने औषधिहरु सबै स्वास्थ्य संस्थामा निरन्तर उपलब्ध हुने व्यवस्थाका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

६८. गाउँपालिका स्थित सबै किसिमका स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, औषधी तथा स्वास्थ्य सेवाको मापदण्ड र व्यवस्थापनको प्रभावकारिता बढाउन अनुगमन र मुल्याङ्कन पद्दति कडाइका साथ लागु गरिने छ ।

६९. गाउँपालिकामा आउनसक्ने महामारी तथा विपदबाट हुनसक्ने सम्भावित जनधनको क्षति न्यूनिकरणका लागि गाउँपालिकाले औषधी र उपकरण सहितको एक स्वास्थ्य इकाई गठन गरी विपद व्यवस्थापन कार्य द्रुत गतिमा सञ्चालन गर्नका लागि आवश्यक स्रोतको व्यवस्थापन गरिएको छ ।

७०. सबै स्वास्थ्य संस्थाद्वारा हरेक नागरिकमा गुणस्तरिय स्वास्थ्य सेवाको पहुँच पुग्ने गरी निःशुल्क उपचार, आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न तथा गाउँपालिकाको प्रसूति सेवालाई प्रभावकारी बनाई मातृशिशु स्वास्थ्यमा सुधार ल्याई मातृमृत्युदर, बालमृत्यृदर, कुपोषणदर, रोगको प्रकोप दर घटाई CPR औसत आयु वृद्धि गर्ने नीति अवलम्वन गरी कार्यान्वयनमा ल्याइने छ ।

७१. जेष्ठ नागरिक,गर्भवती महिला तथा अपाङ्ग नागरिकहरुका लागि समय समयमा घर दैलोमा गएर निशुल्क उपचार कार्यक्रम लाई निरन्तरता दिइएको छ ।

७२. १००० दिनका आमाहरु लाई प्रत्येक महिनामा आमा समुहमा आवद्ध गराइ आमा र बच्चाको पोषण स्थिती अवलोकन पोषण परामर्श गर्न नियमित स्वास्थ्य कर्मीले भेट गर्ने ब्यबस्था मिलाइने छ ।

७३. गम्भिर प्रकृतीको रोगहरु जस्तै मुटु,किड्नी,ब्रेन ट्युमर,क्यान्सर,मोर्टन न्यरोन डिजिज,आदी विरामी लाई उपचारमा अनुदानको व्यवस्था लाई निरन्तरता गरिने छ ।

७४. यस गाउँपालिकाको जनसंख्याको चापलाई मध्यनजर गरी X-ray, USG, Video X-ray, Genaral Lab, Doctor, CS सहितको सेवा दिने एम्वुलेन्स सहितको १० शैयाको अस्पताल निमार्णको काम लाई निरन्तरता दिइने छ ।

७५. आँखा उपचार केन्द्र निरन्तरताका लागि आवस्यक बजेट विनियोजन गरेको छ ।

७६. नागरिकको आँखा चेक गरि अप्रेशन गर्नुपर्ने विरामीहरुको कम खर्चमा अप्रेशन हुने गरि नेत्रालय धनगढी संग समन्वय गरि आँखा शिविर लाई निरन्तरता दिईने छ ।

७७. भौतिक पूर्वाधार निमार्ण हुन बाँकी रहेका स्वास्थ्य चौकीहरुको जग्गा ब्यवस्था गर्न लगाई भौतिक पूर्वाधार तयार गरि सुविधा सम्पन्न गराइने छ ।

७८. आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिलाहरुलाई लक्षित गरी उनीहरुको क्षमता अभिवृद्धि तथा सशक्तिकरणका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था गरिएको छ ।

७९. यस गाउँपालिकामा संचालन हुदै आईरहेको X-ray सेवा लाई निरन्तरता दिइएको छ ।

८०. गाउँपालिकामा संचालन हुदै आएको नागरिक आरोग्य सेवा केन्द्र लाई निरन्तरता दिइएको छ उक्त केन्द्र संचालनका लागि यस गाउँपालिकाबाट ७ लाख ५० हजार विनियोजन गरिएको छ ।

८१. नागरिक आरोग्य केन्द्र बाट दिइदै आएको थेरापी सेवा लाई थप विस्तार गर्ने निति ल्याएको छ ।

८२. यस गाउँपालिकामा स्वास्थ्य क्षेत्रमा कार्यकम संचालन गरिरहेको समृद्ध खप्तडछान्ना परियोजना लाई निरन्तरता दिइएको छ ।

८३. यस गाउँपालिकामा स्वास्थ्य क्षेत्रमा कार्यकम संचालन रहेको गरिमा परियोजना लाई पनि निरन्तरता दिइने छ ।

**अध्यक्ष महोदय,**

**अब म पूर्वाधार विकास तर्फको कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

८४. **“भौतिक पूर्वाधार, विकासको आधार”** भन्ने तथ्यलाई आत्मसाथ गर्दै गाउँपालिकामा भौतिक पूर्वाधारको विकासलाई पहिलो प्राथामिकतामा राख्दै वडा कार्यालय पहुँच मार्ग सडक सञ्जाल विस्तार तथा स्तरउन्नति कार्यलाई निरन्तरता दिइएको छ ।

८५. नयाँ निमार्ण गर्नुपर्ने सडकहरुको वातावरणीय प्रभाव मूल्याङकन (ई.आई.ए) गर्नका लागी आबश्यक बजेट बिनियोजन गरेको छ ।

८६. यस गाँउपालिका हुदै जाने राष्ट्रिय गौरवको योजना सेती लोकमार्ग को काम अगाडी बढाउनका लागी नेपाल सरकार सँग आवश्यक पहल गरिएको छ ।

८७. गाउँपालिकाका स्थानीय सडक तथा ग्रामीण सडकहरुको क्रमशः स्तरोन्नति तथा सुधार गर्दै जाने र उपयुक्त ठाउँमा सार्वजनिक पार्क र प्रतिक्षालय निर्माण गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।

८८. खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिनेछ । माग र स्रोतको उपलब्धतालाई मध्यनजर गरी एक घर,एक धारा को नीतिलाई अगाडी बढाउने छ । बाढी पहिरो लगायतका प्राकृतिक प्रकोपका कारणले क्षति भएका खानेपानी तथा सरसफाईका संरचनाको समयमै पुन: निर्माणको निमित्त सरोकारवाला संग साझेदारीको व्यवस्था मिलाइने छ । यसका लागि उपभोक्ता समितिको संस्थागत क्षमता विकासमा जोड दिइने छ ।

८९. गाउँपालिकामा सरसफाई तथा स्वच्छता व्यवस्थापन का लागी (वास ईकाई) स्थापना गरी कार्यान्वय गरिने छ ।

९०. खानेपानीको स्रोतको संरक्षण गरी सबैलाई आधारभूत खानेपानी तथा सरसफाई को लागी रु. **९ लाख** विनियोजन गरेको छ ।

९१. गाउँको मुख्य आधार कृषि भएकोले कृषि उत्पादनमा वृद्धि गर्न RCC सिंचाई र पाइपद्वारा सिंचाइ कुलो,गोरेटो बाटो,लगायत भौतिक पूर्वाधारका आयोजनाहरु संचालन तथा आर्थिक वर्ष २०८०।०८१ मा सम्पन्न योजनाहरुको भुक्तानी बाकी भुक्तानी का लागि **रु.४ करोड १८ लाख ९९ हजार** विनियोजन गरिएको छ ।

९२. संघीय सरकार र प्रदेश सरकार संगको समन्वय सहकार्यका संचालन हुने गौरवका योजना तथा कार्यक्रमहरु सम्पुरक अनुदानका संचालनका लागि रु **७१ लाख २५ हजार** विनियोजन गरेको छ ।

९३. राज्यको चौथो अंगका रुपमा रहेको सञ्चार क्षेत्रको हक अधिकार सुरक्षित गरी स्थानीय सञ्चार तथा पत्रकारितालाई प्रोत्साहन गर्न सञ्चार क्षेत्रको प्रवर्द्धन र पत्रकार क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न आवश्यक रकमको व्यवस्था मिलाइनेछ ।

९४. गाउँपालिकामा खेलकूद विकासका लागि खेलकूद मैदान निर्माण गरी प्रयोगमा ल्याउने नीति लिइने छ ।

९५. खेलकूद कार्यक्रमहरु आयोजना गरी बालबालिका तथा युवाहरुलाई खेलकुद तर्फ आकर्षण गर्न विभिन्न खेलकूद प्रतियोगिताहरु सञ्चालनका लागि रकम विनियोजन गरिएको छ ।

९६. यस गाउँपालिकालाई प्रधानमन्त्री रोगजार कार्यक्रम तर्फ सर्शत अनुदान शीर्षकमा **रु. ९८ लाख ६६ हजार** बजेट सीमा प्राप्त भएको छ ।

९७. कामका लागी रोजगार भन्ने नारा लाई आत्मसाथ गर्दे प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिने छ ।

९८. यस गाँउपालिका भित्र रहेका बेरोगार युवाहरुको तथ्याङ्क संकलन गरी विभिन्न रोजगारका कायक्रमहरु संचालनमा जोड दिइने छ ।

९९. यस गाउँपालिकालाई संघिय सरकार बाट नागरिक आवास कार्याकम तर्फ सर्शत अनुदान शीर्षकमा रु. ६ लाख १९ हजार बजेट सीमा प्राप्त भएको छ ।

१००. यस गाउँपालिकामा खरले छाएका घरहरुमा टिनले छाउने कार्यक्रम (सुरक्षीत नागरि आवास कार्यक्रम) लाई निरन्तरता दिइने छ ।

१०१. यस गाउँपालिकालाई संघिय सरकार बाट झोलुंगे पुल कार्यक्रम  तर्फ सर्शत अनुदान शीर्षकमा रु. **१० लाख** बजेट सीमा प्राप्त भएको छ ।

१०२. झोलुंगे पुल को काममा निरन्तरता दिइएको छ र अन्य झोलुंगे पुलहरु निमार्णमा जोड दिइने छ ।

१०३. यस गाउँपालिकालाई संघीय सरकार बाट पोषण कार्यक्रम तर्फ सर्शत अनुदान शीर्षकमा **रु. २० लाख** बजेट सीमा प्राप्त भएको छ । यस गाउँपालिकाबाट ७ लाख विनियोजन गरिएको छ ।

१०४. यस गाउँपालिकामा पोषणमैत्री स्थानीय शासन प्रबर्द्धन कार्यक्रम संचालन गरिने छ ।

१०५. महिला तथा बालबालिकालाई लक्षीत कार्यक्रम जस्तै बाल पोषण अनुदान, खोप कार्यक्रम, र सुनौला १००० दिनका आमाले हरेक वारखाना चारमा सुदृढीकरण एक घर एक धारा,एक घर एक फिल्टर,एक घर एक करेसावारी र रैथाने खाद्य बस्तुको उत्पादन पशु जन्य खाद्य बस्तुको पहुच आदी समेत बहुक्षेत्रीय पोषण योजना कार्यक्रम थप ब्यवस्थीत बनाउन संघिय सरकारको प्राप्त बजेट  र गाउँपालिकाबाट पनि थप रकम बिनिनियोजन गरि साझेदारीमा पुर्ण पोषण मैत्री बडाहरु हुँदै गाउँपालिका लाई नै पुर्ण पोषण मैत्री स्थानीय तह घोषणा तर्फ उन्मुख गर्ने निति लिएको छ ।

१०६. बालविवाह, बहुविवाह, बोक्सी प्रथा, लैङ्गिक तथा घरेलु हिंसा, छाउपडी प्रथा जस्ता अन्धविश्वास एवं कुरितीहलाई निरुत्साहित गर्न प्रचलित कानुनको कडाइका साथ कार्यान्वय गर्दै यस्ता कुप्रथा विरुद्ध जनचेतना अभियान सञ्चालन गरिने छ ।

१०७. आर्थिक र सामाजिक रुपमा विपन्न, एकल महिला, दलित, जनजाती, अल्पसंख्यक, वञ्चितिकरणमा परेका व्यक्ति, अपाङ्गता भएका व्यक्ति तथा जोखिम अवस्थामा रहेका महिलाहरुको रोजगारी, उद्यमशीलता, क्षमता विकास तथा सशक्तिकरणका लागि कार्यक्रम सञ्चालन गरिने छ ।

१०८. पोषण विशेष पोषण सम्वेदनशिल र समर्थ बनाउने बाताबरण सम्वन्धी कार्याक्मको विस्तार गरी महिला किशोरी तथा बालबालिकाको पोषण अवस्थामा सुधार ल्याई मानव पुजिको विकास गरिने निति लिइएको छ ।

१०९. बालमैत्री स्थानिय शासन सम्बन्धी तालिमका माध्यामबाट यस गाउँपालिकालाई बाल मैत्री गाउँपालिका बनाउन जोड दिईनेछ । साथै भौतिक संरचना निर्माण गर्दा बालमैत्री , अपाङ्ग मैत्री बनाउने नीति लिएको छ ।

**अध्यक्ष महोदय,**

११०. यस गाउँपालिकाले गत वर्ष घोषणा गरेको उज्यालो गाउँपालिका अभियानलाई सफल पार्न आगामी वर्ष पनि निरन्तरता दिइएको छ ।

१११. यस गाँउपालिका अन्तरगत सम्पूर्ण वडाहरुमा राष्ट्रिय प्रशारण लाइन जडानमा निरन्तरता दिइने छ ।

११२. यस गाँउपालिका र नेपाल विधुत प्राधिकरणको साझेदारीमा राष्ट्रिय प्रशारण लाइन जडानका लागि **यस गाँउपालिका बाट रु २ करोड रकम बिनियोजन गरेको छ ।**

११३. यस गाँउपालिका अन्तरगत सम्पूर्ण वडाहरुमा फाइवर इन्टरनेर जडान गर्नका लागि आबश्यक बजेट बिनियोजन गरेको छ ।

११४. यस गाँउपालिका संगको साझेदारीमा गाँउपालिका भित्र विभिन्न क्षेत्रमा कार्यक्रम संचालन गर्न चाहने संघ संस्थाहरु संग साझेदारी गर्ने नीति लिइएको छ ।

११५. यस गाँउपालिका भित्र संघ संस्था साझेदारीका लागि रु ५० लाख रकम विनियोजन गरेको छ ।

**अध्यक्ष महोदय,**

**अब म वातावरण तथा विपद व्यवस्थापन तर्फको कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

११६. यस गाउँपालिकाबाट समेत विपद ब्यवस्थापनको लागि तर्फ रु. **५० लाख** विनियोजन गरिएको छ ।

११७. गाउँपालिकाले संघ-संस्थाहरुसँग समन्वय गरी नाङ्गा डाँडाहरुलाई हराभरा बनाउन एक गाउँ एक नर्सरीको निर्माणको लागि आवश्यक व्यवस्था ब्यवस्थापन गरेको छ ।

११८. वृक्षारोपणको माध्यमबाट भू तथा जलाधार संरक्षण गरी प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थापनका कार्यक्रममा व्यापक जनसहभागिता परिचालन गरिने छ ।

११९. भूक्षय नियन्त्रण, पहिरो नियन्त्रण, जलउत्पन्न प्रकोप, नदी मुहान तथा नदी कटान संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।

१२०. गाउँपालिकामा विपद व्यवस्थापन तथा जोखिम न्यूनिकरण योजना अनुरुप कार्य गरिने छ । प्राकृतिक विपदमा परेकाहरुको खोज तथा उद्दार गर्न पूर्वतयारी स्वरुप आवश्यक उपकरणहरु खरिद गरी तयारी अवस्थामा राखिने छ ।

१२१. गाउँपालिका भित्र निर्माण गरिने सार्वजनिक भवन, खानेपानी, शौचालय, सडकहरु भूकम्प प्रतिरोधात्मकका साथै अपाङ्ग, महिला र बालमैत्री हुने गरी निर्माण गरिने छ ।

१२२. जलवायु परिवर्तन न्यूनीकरण गर्न वातावरण संरक्षण र जैविक विविधताको संरक्षणका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१२३. यस गाँउपालिका अन्तर्गत रहेका सम्पुर्ण जग्गाहरुको बर्गीकरण गर्ने निती ल्याएको छ ।

१२४. सम्पुर्ण जग्गाहरुको बर्गीकरण गर्नेका लागी आबश्यक बजेटको ब्यवस्थापन गरेको छ ।

**अध्यक्ष महोदय,**

**अब म कर प्रणाली सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१२५. गाउँपालिकाको अधिकार क्षेत्रभित्र पर्ने आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई राजस्व वृद्धि गर्ने नीति अवलम्वन गरिने छ ।

१२६. कर सचेतना कार्यक्रम सञ्चालन गरी करको दायरा विस्तार गरिने छ ।

१२७. गाउँपालिकाको करको संरचना र करका दरहरु समय सापेक्ष हुने गरी कर प्रणालीलाई थप प्रगतिशिल एवं समन्यायिक बनाइने छ ।

१२८. करको दर तथा दायरा फराकिलो पारी आत्मनिर्भर गाउँपालिका बन्न आन्तरिक स्रोतको खोजी गरिने छ ।

१२९. गाउँपालिकास्तरमा कर असुल उपर गर्न, चुहावट नियन्त्रण गर्न, समन्वय र अनुगमन गर्न तथा संगठन संरचना तयार गर्न आवश्यक स्रोतको व्यवस्थापन गरिने छ ।

१३०. घरजग्गाको विद्यमान मूल्याङ्कन प्रणालीलाई समयानुकूल सुधार गरी प्रचलित बजार मूल्य र न्यूनतम मूल्याङ्कन बीच रहेको दूरी कम गरी सम्पत्ति कर लागू गर्न कार्यविधि बनाइने छ ।

**अध्यक्ष महोदय,**

**अब कार्यान्वयन क्षमता सुधार सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१३१. विगतका क्रमागत आयोजना तथा कार्यक्रमहरुलाई सम्पन्न गर्ने कार्यलाई प्राथमिकता दिँदै नयाँ आयोजनाहरुलाई कार्यान्वयनमा लगिने छ ।

१३२. गाउँपालिकालाई प्राप्त स्रोतहरुको उचित व्यवस्थापन गरी र समयमा उपलब्धी हासिल गर्न गाउँस्तरको योजनाहरु तर्जूमाका लागि आवश्यक स्रोतको व्यवस्थापन गरिने छ ।

१३३. गाउँपालिका र वडा कार्यालयले सञ्चालन गरेका तर स्रोतको अभाव रही सम्पन्न हुन नसकेका र दोहोरो नपर्ने अवस्थामा लागत प्रतिफल अनुकूल र सामाजिक दायित्वका आधारमा प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रममा आवश्यक स्रोत व्यवस्थापन गरिने छ ।

१३४. सडक, खानेपानी, सिँचाइ, तटवन्धन लगायत ऊर्जाका आयोजनाहरु कार्यान्वयन गर्दा आवश्यकताका आधारमा सम्भाव्य योजनाहरुको अध्ययन प्रतिवेदनहरु तयार गरी स्वीकृत भएपछि मात्र कार्यान्वयन प्रक्रिया अगाडि बढाइन छ ।

१३५. यस कार्यालयबाट हुने गरेका विकास निर्माणका कामहरुको अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाउन नियमित रुपमा सूचक सहितको अनुगमन गरी सार्वजनिक गरिने व्यवस्था मिलाइने छ ।

१३६. स्थानीय विकास योजनाको नियमित नतिजामूलक अनुगमन गरी कार्यान्वयनमा देखिने समस्या समाधान गर्न अध्यक्षज्यूको संयोजकत्वमा **स्थानीय विकास समस्या समाधान समिति गठन** गरिने छ ।

१३७. आगामी आर्थिक वर्षको लागि विनियोजित बजेटको स्रोत फरक पर्न गएमा सो लाई आउने अबिधेषनमा संशोधन गरिसक्नुपर्ने व्यवस्था मिलाएको छ ।

१३८. बजेट कार्यान्वयनको प्रगति र देखिएका समस्या समाधान गर्न त्रैमासिक रुपमा विषयगत शाखा प्रमुखहरु र वडा सचिवहरुको उपस्थितिमा बजेट समिक्षा गर्ने व्यवस्था गरिएको छ ।

**अध्यक्ष महोदय,**

**अब म संस्थागत विकास तथा सेवा प्रवाह सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१३९. पुरानो र जीर्ण हुँदै गएका वडा कार्यालयहरुको भवन मर्मत तथा सुधार कार्यलाई निरन्तरता दिइएको छ ।

१४०. विभिन्न क्षेत्रमा हुने गरेका संस्थागत र मिलोमतोमा हुने भ्रष्टाचारलाई न्यूनीकरण र नियन्त्रण गर्न शुन्य सहनशिलताको नीति अवलम्वन गरिने छ ।

१४१. गाउँपालिका र अन्तर्गतका निकायहरुको सार्वजनिक खर्चमा मितव्ययिता, प्रभावकारिता र पारदर्शीता कायम गर्न नीतिगत व्यवस्था गरिने छ ।

१४२. बजेट खर्च गर्दा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरी आन्तरिक लेखा परीक्षणलाई थप प्रभावकारी बनाउँदै लगिने छ ।

१४३. ईन्टरनेटको माध्यमबाट कार्यालयलाई कागज रहित कार्यालय बनाइने छ र प्रत्येक वडाहरु र विद्यालयहरुमा ईन्टरनेटको पहुँच पु¥याउने कार्य लाई निरन्तरता दिइएको छ ।

१४४. गाउँपालिकाले निमार्ण गरेको कार्ययोजना अनुसार कार्यक्रम सचालन गर्ने ब्यवस्था मिलाइने छ ।

१४५. गाउँपालिकाका सबै सरकारी कार्यलयहरुमा सुशासनका औजारहरु(सार्वजनिक सुनुवाई,सार्वजनिक परिक्षण,गुनासो ब्यवस्थापन तथा गुनासो पेटीका,नागरिक वडापत्र,डिजिटल नोटिस बोर्ड,वेबसाईड अध्यावधी नागरिक वडा पत्र) लगाएतको प्रभावकारी कार्यान्वयमा जोड दिईने छ ।

१४६. गाउँपालिका भित्र रहेका कार्यरत कर्मचारीहरु मध्येबाट उत्कृष्ट काम गर्ने कर्मचारीलाई पुरस्कारको ब्यवस्था गरिने छ ।

१४७. ।

**अध्यक्ष महोदय,**

**अब म महिला तथा बालबालिका तथा न्यायीक समिति सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१४८. महिला तथा वालवालिका लागि १२ लाख विनियोजन गरिएको छु ।

१४९. न्यायीक समिति संचालन तथा ब्यवस्थापनका लागि ८ लाख ५० हजार विनियोजन गरेको छ ।

१५०. महिला हिसां न्युनिकरणका लागि विभिन्न सन्देश मुलक कार्याक्रमहरु संचालन गरिने छ ।

१५१. हिसांमा परेका,एकल महिलाहरु लाई सिप मुलक तालिमको ब्यवस्था गरिने छ ।

१५२. फरक क्षमता भएका ब्यक्ती,महिला,दलित,अल्पसङकका लागि उद्यम दर्ता निशुल्क गर्ने र करमा ५० प्रतिशत छुट ब्यवस्था गरिने छ । उनीहरु लाई रोजगारमा प्राथमिकता दिई आरक्षण प्रदान गरिने छ ।

१५३. फरक क्षमता भएका ब्यक्तिहरु लाई सिप र क्षमता अनुसारको तालिमको ब्यवस्था गरिने छ ।

१५४. फरक क्षमता भएका ब्यक्तिहरु लाई अपाङ्ग परिचय पत्र वितरण कार्यक्रम लाई निरन्तरता दिइने छ ।

१५५. युरोपियन युनियन र संयुक्त राष्टिय संघका निकायहरु र नेपाल सरकारको सहकार्यमा संचालित सशक्त महिला समृद्ध नेपाल कार्यक्रम लाई निरन्तरता दिइएको छ ।

१५६. लैगिक हिंसा न्युनिकरण बालविवाह निवारणका लागि सुदूरपश्चिम प्रदेश सरकारले विगतमा घोषणा गरेको कार्यक्रम अन्तगत रहि महिला सशक्तिकरणका कार्यका साथै **सानै छु बढ्न देउ बालविवाह होइन पढ्न देउ** भन्ने नारालाई मुलप्रवाहमा ल्याई अभियान संचालन गरिने छ ।

१५७. वडाहरुमा गठित अपाङ्ग समुहहरु लाई थप ब्यवस्थित बनाइने छ ।

१५८. फरक क्षमता भएका ब्यक्तिको स्तरउन्नतीको लागि विभिन्न संघ संस्थाहरु संग कार्याक्रम सचालनको लागि पहल गरिने छ ।

१५९. सवै नागरिकको न्यायमा पहुच पुल्याउनका लागि विभिन्न कार्यक्रम संचालन गरिने छ ।

१६०. स्थानीय न्यायीक समितिले मेलमिलाप गराउन सक्ने मुद्धाहरु मेलमिलापको लागि प्रत्येक वडाहरुमा रहेका मेलमिलाप केन्द्रहरु लाई ब्यवस्थित गर्ने र गाउँपालिकामा मेलमिलापको लागि एक इजलास लाई निरन्तरता गरिने छ ।

१६१. जेष्ठ नागरिक लाई सम्मान कार्यक्रम लाई निरन्तरता दिइने छ ।

**अध्यक्ष महोदय,**

**अब म राष्ट्रिय परिचय पत्र तथा पन्जीकरण शाखा सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१६२. ब्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा ब्यावस्थापन सुचना प्रनाणी र ब्यवस्थापन घटना दर्ता सुदृढीकरणका लागी राष्ट्रिय परिचयपत्र तथा पन्जिकरण विभागबाट रु. **४ लाख ९५ हजार शर्सत** अनुदान विनियोजन भएको छ । यस गाउँपालिकाबाट ६ लाख ५० हजार विनियोजन गरिएको छ ।

१६३. पुराना ब्यक्तिगत घटनाका दर्ता कितावहरु डिजिटाइज गरी तत् प्रश्चात हुने ब्यक्तिगत घटना दर्ता पूर्ण अनलाइन प्रणली लाई निरन्तरता दिइने छ ।

१६४. ब्यक्तिगत घटना तथा सामाजिक सुरक्षा कार्याक्रम सम्वन्धीत वडा कार्यालय बाट अनलाइन मार्फत सन्चालनलाई निरन्तरता दिइने छ

१६५. सामाजिक सुरक्षा भत्ता वितरण लाइ सहज बनाउनका लागी प्रत्येक सेवा ग्राहीको परिचय पत्रको ब्यवस्था गरिने छ ।

१६६. सामाजिक सुरक्षा भता वितरण बैक माफत संचालन लाई निरन्तरता दिइने छ ।

१६७. प्रत्येक वडा बस्तीमा सामाजिक सुरक्षा सम्वन्धी जनचेतना मुलक कार्यक्रमहरु संचालन गरिने छ ।

१६८. सामाजिक सुरक्षा तथा ब्यक्तिगत घटना दर्तामा नागरिकको सहज पहुच पुयाउन तथा शत् प्रतिशत घटना दर्ता गराउन सुचना संचार तथा पहुँच अभियान(दर्ता शिविर) संचालन गरिनेछ ।

१६९. सामाजिक सुरक्षा भता लाभग्रहीको नविकरण गर्दा बायोमेटेक स्केन डिभाइसको माध्याम बाट नविकरण गर्ने निती लिइएको छ ।

**अध्यक्ष महोदय,**

अब म बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना र अघिल्लो वर्षको विनियोजनबाट भएको खर्च प्रस्तुत गर्ने अनुमति चाहन्छु :

- आर्थिक वर्ष २०८०।०८१ का लागि नेपाल सरकारबाट प्राप्त रु. ९ करोड ८१ लाख, राजस्व बाँडफाँड तर्फ रु. ७ करोड ७९ लाख ८५ हजार ९ सय, सर्शत अनुदान तर्फ रु. २० करोड २५ लाख ८९ हजार,विशेष अनुदान १ करोड,सम्पुरक अनुदान २ करोड २० लाख र प्रदेश समानिकरण ८३ लाख ९१ हजार,प्रदेश राजस्व बाडफाड १२ लाख ८७ हजार,प्रदेश शर्शत अनुदान ८८ लाख, प्रदेश विशेष अनुदान ८० लाख,प्रदेश सम्पुरक अनुदान ४५ लाख ६७

हजार आन्तरिक श्रोत तर्फ ५५ लाख ४६ हजार ४ सय ५३ गरी जम्मा ४४ करोड ७२ लाख ६६ हजार  ३ सय ५२ अनुमोदन गरेको छ ।

गाउँपालिका भवन,नेपाल सरकार र प्रदेश सरकारबाट विनियोजन हुन सक्ने सम्पूरक तथा विशेष अनुदान रकमलाई गाउँपालिकाले आफूले पहिचान गरी आफ्नो क्षेत्रमा पूर्वाधार विकासका योजना कार्यान्वयन गर्नका लागि योजनाको सम्भाव्यता, लागत, प्रतिफल वा लाभ, योजना कार्यान्वयन गर्न सक्ने वित्तीय वा भौतिक क्षमता वा जनशक्ति योजनाको आवश्यकता र प्राथमिकताका आधारमा कार्यक्रम सञ्चालन गर्नका लागि आबश्यक बजेट अनुमोदन का लागि पेश गरेको छ ।

**अध्यक्ष महोदय,**

**अन्त्यमा**

- यस नीति तथा कार्यक्रमबाट आर्थिक क्रियाकलाप विस्तार भई उच्च आर्थिक वृद्धिदर हासिल हुने अपेक्षा राखिएको छ । प्रस्तुत बजेटबाट मानव विकास सूचकमा क्रमशः सुधार हुँदै जानेमा विश्वस्त छ ।
- यस गाउँपालिकाको नीति तथा कार्यक्रम एवं आगामी वर्ष २०८१।०८२ को बजेटका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति उपर गाउँसभामा घनिभूत छलफल भई गाउँसभा सदस्यज्यूहरुले दिनुभएका सुझावहरु प्रस्तुत बजेटको आधारको रुपमा रहेका छन् । बजेट छलफलका क्रममा आ-आफ्नो तर्फबाट सुझाव दिनुहुने गाउँसभाका सदस्यज्यूहरु, गाउँ कार्यपालिकाका पदाधिकारीज्यूहरु, कर्मचारीहरु, स्थानीय वुद्धिजीवि, नागरिक समाज तथा सामुदायिक एवं सामाजिक संघसंस्थाहरु, पत्रकार तथा सञ्चारकर्मीहरु र सबै छान्नाबासीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।
- गत वर्षका कार्यक्रम तथा आयोजनाहरु कार्यान्वयन एवं सम्पन्न गर्न आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनु हुने जनप्रतिनिधिज्यूहरु, कार्यपालिका एवं गाउँसभाका पदाधिकारीज्यूहरु, सम्पूर्ण कर्मचारीहरु, करदाताहरु, स्थानीय वुद्धिजीवि, उपभोक्ता समितिका पदाधिकारीहरु, सरोकारवालाहरु, पत्रकार तथा सञ्चारकर्मीहरु, सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरु आमनागरिकहरु लगायत यस गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरुमा हार्दिक धन्यवाद दिँदै आगामी दिनहरुमा पनि बजेटको सफल कार्यान्वयनमा यहाँहरुबाट अझ बढी पारदर्शीता, मितव्ययिता, सहभागिता एवं थप उत्तरदायी भूमिकाको अपेक्षा राख्दछ ।

धन्यवाद !

मितिः २०८१ असार १० गते

विष्णु कुमार थापा
उपाध्यक्ष
खप्तडछान्ना गाउँपालिका